(इ) मदन पुरस्कार गुठीका नव नियुक्त सदस्य-सचिव श्री कुन्दमणि दीक्षितले गर्नुभएको धन्यवाद ज्ञापन ।

१

*[सवत् २०६० सालको पुरस्कार 'जगदम्बा-श्री' श्री अलि मियाँलाई र सोही सालको 'मदन पुरस्कार' 'नयाँ ईश्वरको घोषणा' भन्ने ग्रन्थको लागि त्यसका रचयिता श्री गोपाल पराजुलीलाई समर्पण गर्न संवत् २०६१ साल कार्तिक १ गते रोज १ का दिन आयोजित समारोहमा मदन पुरस्कार गुठीका सदस्य-सचिवले गर्नुभएको धन्यवाद ज्ञापन । यो धन्यवाद ज्ञापन 'नेपाली' त्रैमासिक अङ्क १८१ बाट उद्धृत गरिएको हो। स्मरणीय छ, त्यस दिन गुठीका नयाँ सदस्य-सचिव श्री कुन्द दीक्षित कार्यवश जुम्लातर्फ जानुभएकोले उहाँको मुद्रित धन्यवाद ज्ञापन गुठीका सदस्य (एवं मदन पुरस्कार पुस्तकालयका सदस्य-सचिव) श्री कनक दीक्षितले समारोहमा पढेर सुनाउनुभएको थियो ('नेपाली' अङ्क १८१ पृष्ठ ४१ ।)]*

आदरणीय अध्यक्षज्यू, आजका सम्मानित 'ब्यौलाहरू', डा. मल्ल र उपस्थित विद्वान्-विदुषीहरू !

धन्यवाद दिँदा पहिले मैले आफ्नै तर्फबाट गुठीलाई धन्यवाद भन्नुपर्छ, मलाई सदस्य-सचिव बनाइदिएकोमा । छत्तीस वर्षसम्म मेरा बुबाले र त्यसपछि १२/१३ वर्ष विद्वान् विष्णुप्रसाद धितालले सम्हालेको यो पद कसरी सञ्चालन गर्ने हो म सिक्दै छु । तपाईंहरूबाट म मार्गनिर्देशन खोज्दै छु । मदन पुरस्कार गुठीमा यो तेस्रो पुस्ताको आगमन भएको छ, गुठीले स्वर्ण-जयन्ती मनाउने पूर्व सन्ध्यामा । नेपाली बुद्धिजीवीवर्गले गुठीलाई यतिन्जेल दिएको स्नेह र सद्भावका लागि धन्यवाद अर्पण गर्दै म त्यस्तै सहयोग अब पनि पाउँदै रहूँ भन्ने निवेदन गर्दछु ।

आज सम्मानित हुनुभएका दुई जना 'ब्यौला'हरूलाई बधाई टक्र्याउँदै हाम्रो सम्मान स्वीकार गर्न यहाँसम्म पाल्नुभएकोमा धन्यवाद भन्छु ।

डा. कमलप्रकाश मल्लज्यू, तपाईंको विद्वत्तापूर्ण र सूचनामूलक प्रवचन अत्यन्त ज्ञानवर्धक पनि थियो । तपाईंलाई धन्यवाद ! हाम्रो आग्रहलाई स्वीकार गरी आज यो 'विद्वद्-प्रवचन' गर्न आइदिनुभएकोमा हामी कृतज्ञ पनि छौं ।

हाम्रो निम्तो स्वीकार गरी यहाँ उपस्थित हुनुभएका सबै विद्वान्-विदुषीहरूमा पनि गुठीका तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

यो समारोहस्थल यो पुरस्कार समारोहका लागि उपलब्ध गराइदिएकोमा रातो बङ्गला स्कूल परिवारलाई पनि गुठीको धन्यवाद छ।

जगदम्बा प्रेसले पनि गुठीलाई यस कार्यक्रममा धेरै सघाएको छ, प्रेसको प्रशासन र कर्मचारी साथीहरूलाई पनि धन्यवाद दिन्छु।

पूर्व सदस्य-सचिव स्व. विष्णुदादाका वाक्य सापट लिँदै, म आज समारोहका अतिथिहरूको लागि मीठामीठा व्यञ्जन तयार पारिदिने गृहिणीहरू र कामदारहरूलाई पनि धन्यवाद भन्छु।

धन्यवाद !

*[त्यसपछि कनक दीक्षितजीले थप्नुभयो "यस मौकामा यस्तो विद्वद् भेलामा मदन पुरस्कार पुस्तकालयले नेपाली भाषाको सेवामा हालै गरेका केही कुरा संक्षेपमा भन्न चाहन्छु" भनी उहाँले म.पु.पु.ले तयार पारेको 'नेपाली युनिकोड' र म.पु.पु.को वेबसाइटका बारेमा संक्षिप्त चर्चा गर्नुभयो। "मदन सौरभ" तथा "मदन गौरव"हरू अब वेबसाइटमा हेर्नदेख्न सकिन्छ भन्ने बताउँदै उहाँले भन्नुभयो "त्यसको प्रत्यक्ष अनुभव गर्न यहीँ हामीले पावरप्वाइन्टबाट प्रदर्शन गर्ने चाँजो मिलाएका छौँ इच्छा लाग्नेहरूले हेर्नुहोला, धन्यवाद !" ('नेपाली' त्रैमासिक अङ्क १८१, पृष्ठ ४२-४३)]*

☒ ☒ ☒